काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?
हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 30 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३८

## वीरगंजलाई शिक्षाको हब बनाउँदै पर्यटनतर्फ विकास गर्नुपर्छ -ईश्वर पोखरेल



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १७ वैशाख/
नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले वीरगंजलाई शिक्षाको हब बनाउँदै पर्यटन व्यवसायतर्फ विकसित गर्नुपर्ने बताएका छन्।

नेकपा एमाले पर्साको नवौं जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले विगतदेखि आर्थिक नगरीको रुपमा परिचित वीरगंजका व्यवसायीहरूको लगानी संरक्षण, प्रवर्द्धन गर्दै आर्थिक गतिविधि सँगसँगै सूचना प्रविधि, प्राविधिक शिक्षा एवं आधुनिक कोर्ष पढाइ हुने शैक्षिक कार्यक्रम र शैक्षिक संस्थानको भौतिक संरचना निर्माण गरी शिक्षाको हब बनाउनुपर्नेमा जोड दिए।

उनले शैक्षिक हबको रूपमा वीरगंज विकसित भयो भने दक्ष जनशक्ति उत्पादन गर्न सके वीरगंजले ठूलो योगदान गर्न सक्ने बताए। देशको विकासको मुख्य आधार कृषि र औद्योगिकीकरणको विषयमा वीरगंजको चिनी कारखाना र कृषि औजार कारखानालाई पुनः सञ्चालनमा ल्याएर कृषिमा क्रान्ति ल्याउनुपर्ने उनले बताए।

पार्टी सङ्गठनबारे उनले पार्टीको लागि खट्ने र मेहनत गर्ने उम्मेदवारलाई नै सर्वसम्मत वा चुनावको माध्यमले ल्याउनुपर्ने बताए। पार्टीको विधान र विधि अनुसार अधिवेशनको सम्पूर्ण प्रक्रिया अगाडि बढाइ पार्टीमा लागेर काम गर्नेहरूको मूल्याङ्कन गरी नेता चयन गर्न उनले सुझाव दिए।

नेकपा (एमाले) पर्साका अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षता एवं पार्टीका जिल्ला सचिव मनोज गुप्ताको सहजीकरणमा सम्पन्न कार्यक्रममा एमालेका केन्द्रीय सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराई, स्थायी कमिटी सदस्य एवं पर्सा इन्चार्ज अच्युत मैनाली, पोलिटब्युरो सदस्य लीला श्रेष्ठ, सुमन प्याकुरेललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा एमाले नगर सचिव सुन्दरप्रसाद कुर्मीले स्वागत र धन्यवाद शिवजी गुप्ताले गरेका थिए।

उद्घाटनसत्र समापन भएपछि मङ्गलवार बिहान ८ बजेदेखि बन्दसत्र शुरु हुने कार्यक्रम तय भएको छ। पर्सामा कुल ११ हजार ९६२ क्रियाशील सदस्य रहेका छन् भने जिल्ला समिति चयन गर्नको लागि ६८५ जना प्रतिनिधि छनोट भएका छन्। पर्सामा विश्वम्भर शर्मा, जयप्रकाश थारु र शिव पटेलमध्ये एकजना अध्यक्ष चुनिनेछन्।

## हतियार र लागूऔषधसहित बब्लु पासवान पक्राउ

प्रस, वीरगंज, १७ वैशाख/
जिल्ला प्रहरी कार्यालय, पर्साले गोली प्रहार गरी एकजना भारतीय अपराधीलाई पक्राउ गरेको जनाएको छ। जिप्रका, पर्साले सोमबार पत्रकार सम्मेलन गरी आइतवार राति वीरगंज-१६ भुटनदेवी सडकखण्डबाट भारत, बिहार, पूर्वी चम्पारण, रक्सौल बस्ने ४५ वर्षीय बब्लु पासवान भन्ने गणेश कुमारलाई लागूऔषध र हतियारसहित पक्राउ गरेको दाबी गरेको छ।

आइतवार राति ११:०० बजे भारतबाट बिआर०५एएल ६१३९ नम्बरको मोटरसाइकलमा चढेर बब्लु नेपाल आउँदै गरेको सूचनाको आधारमा प्रहरीले उनलाई वीरगंज-१६ भुटनदेवी मन्दिरअगाडि सडकखण्डबाट पक्राउ गर्न खोज्दा बब्लु भाग्न खोज्दा प्रहरीले दुई राउन्ड गोली चलाएको बताएको छ। एउटा गोली बब्लुको खुट्टामा लागेपछि उनलाई पक्राउ गर्न सफल भएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए।

बब्लुको नारायणी अस्पतालमा उपचारपछि हिरासतमा राखेर अनुसन्धान भइरहेको जनाएको छ। उनको साथबाट 'मेड इन युएसए' लेखिएको पेस्तोल एक थान, दुई राउन्ड गोली, खैरो हेरोइन ४९ ग्राम र गाँजा ८८० ग्राम बरामद भएको प्रवक्ता थापाले बताए। उनका अनुसार बब्लु आपराधिक क्रियाकलापमा संलग्न रहँदै आएका छन्। २०७३ जेठ १३ गते बाराको महागढीमाई नगरपालिका-१ पसाहा पुलनजीकैबाट वीरगंज निवासी सुरेश केडियालाई अपहरणमुक्त गरिएको थियो। सो अपहरणको मुख्य योजनाकार बब्लु रहेको प्रहरीले दाबी गरेको छ।


तस्वीरः सौजन्य

यसैगरी, २०७९/०६/०३ गते काठमाडौं गोठाटारस्थित लाल महमदको हत्यामा पनि बब्लु संलग्न रहेको प्रहरीले दाबी गरेको छ।

बब्लुले भारतमा बसेर नेपालका विभिन्न स्थानमा अपहरण गर्न लगाउने, साना हतियार तथा लागूऔषधको कारोबार गर्ने, नेपाली अपराधीहरूलाई भारतमा संरक्षण गर्ने तथा उद्योगी-व्यवसायीहरूलाई फोन गरी रकम माग गर्ने तथा नदिए ज्यान मार्ने धम्की दिँदै आएको प्रहरीले बताएको छ।

## तोडफोडको छानबीन गरी क्षतिपूर्ति पाउनुपर्छ -क्याम्पस प्रमुख यादव

प्रस, वीरगंज, १७ वैशाख/
हरि खेतान बहुमुखी क्याम्पसका प्रमुख किशोरीराय यादवले आइतवार भएको तोडफोड घटनाको छानबीन गरी दोषीलाई कारबाई गर्नुपर्ने माग गरेका छन्।

सोमवार क्याम्पस परिसरमा आयोजित पत्रकार सम्मेलनमा उनले क्याम्पसको भौतिक संरचना तथा सवारीसाधनमाथि भएको तोडफोड घटनाको निन्दा गरे।

क्याम्पस प्रमुख यादवले वीरगंजको नेशनल इन्फोटेक कलेजका केही व्यक्तिको उक्साहटमा सुनियोजितरूपले हरि खेतान क्याम्पसलाई बदनाम गराउन सो घटना घटाइएको आरोप लगाए। हरि खेतान क्याम्पसमा शुक्रवार सम्पन्न परीक्षाको क्रममा पर्यवेक्षकबाट अमर्यादित गतिविधि भएपछि आक्रोशित विद्यार्थीहरूले आइतवार तोडफोड गरेको भन्ने आरोपको क्याम्पस प्रमुख यादवले खण्डन गरे। उनले ती सबै आरोप निराधार भएको र सत्यता नभएको दाबी गरे।


तस्वीरः प्रतीक

उनले यसबारेमा पनि छानबीन गर्न सकिने बताए।

आइतवारको घटनालाई लिएर जिल्ला प्रशासन कार्यालय, पर्सामा हिजो बैठक पनि बसेको थियो। हरि खेतान क्याम्पसमा सञ्चालित परीक्षालाई त्रिजुद्ध मावि वीरगंजमा सारिएको छ।

क्याम्पस प्रमुख यादवले घटनामा संलग्न एनआई कलेजका कर्मचारी तथा विद्यार्थीविरुद्ध आवश्यक कारबाई गर्न र क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दिने बताए।

आइतवार बिहान ११:३० बजे विद्यार्थीहरूको समूहले क्याम्पसको भौतिक संरचना एवं सवारीसाधनमाथि ढुङ्गामुढा गर्दै क्षति पुऱ्याएका थिए भने केही मोटरसाइकललाई नालामा समेत फालेर प्रदर्शन गरेका थिए।

## छापामारीबाट तीन लाख बढीको गोलिया बरामद


करैयामाई गाउँपालिका-७ पिपरामा छापामारी गरी बरामद गोलिया नियन्त्रणमा लिँदै। तस्वीरः जीतलाल श्रेष्ठ

प्रस, निजगढ, १७ वैशाख/
बाराको करैयामाई गाउँपालिका वडा नं ७ पिपरामा आइतवार छापामारी गर्दा गोलिया र चिरान काठ बरामद भएको छ। डिभिजन वन कार्यालय, बारा मातहतका मधुवन सबडिभिजन वन कार्यालय र तामागढी सबडिभिजन वन कार्यालय कोल्हवी, जनपद र सशस्त्र प्रहरीको संयुक्त टोलीले छापामारी गरेको थियो।

सो छापामारीबाट घर, खेतबारी, आँगनमा लुकाइछिपाइ राखेका सालको चार थान, टीकको दुई थान, सिसौंको चार थान गोलिया, सालको चिरान काठ सात थान गरी ६९.६८ क्युफिट काठ बरामद गरिएको डिवका, बाराले जनाएको छ। सो काठ हालको बजार मूल्य तीन लाखभन्दा बढी रहेको वन कार्यालयले जनाएको छ।

राष्ट्रिय वन क्षेत्र र तामागढी साझेदारी वन क्षेत्रबाट चोरी तस्करी गरी गाउँबस्तीमा लुकाइछिपाइ राखेको र काठ चिरान गरिएको अवस्थामा फेला परेको डिवका, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए। अवैधरूपमा गोलिया, काठ राख्ने व्यक्तिहरूको पहिचान गरी वन ऐन अनुसार कानुनी कारबाई अघि बढाइने उनले जानकारी दिए। केही समययता रोकिएको काठ चोरी तस्करी बढ्न थालेसँगै डिवका, बाराले मातहतका निकायलाई छापामारी गर्न र वन क्षेत्रको सुरक्षामा सक्रियता बढाउन निर्देशन दिएको डिभिजनल वन अधिकृत विनोद सिंहले जानकारी दिए। घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको उनले बताए। विगतमा जङ्गलभित्रै चार पाङ्ग्रे सवारीसाधनको प्रयोगबाट हुने गरेको गोलिया चोरी तस्करी अहिले साइकल, मोटरसाइकलको प्रयोग गरी भइरहेको घटनाले देखाएको छ।

## देशको अर्थतन्त्र उल्टो दिशातर्फ -सांसद सिंह

प्रस, परवानीपुर, १७ वैशाख/
सांसद डा अमरेशकुमार सिंहले देशको अर्थतन्त्र उल्टो दिशातर्फ गइरहेको बताएका छन्। वीरगंजमा सोमवार आयोजित पत्रकार सम्मेलनमा उनले देशको अर्थतन्त्र तहसनहस भएको आरोप लगाए।

सांसद सिंहले देशमा खर्चको अनुपातमा आम्दानी बढ्न नसकेको बताए। पूँजीगत खर्चलाई बढाउन नसक्नु, राजस्व सङ्कलन प्रभावित बन्नु, देशमा भ्रष्टाचार मौलाउँदै जानुले जनताले सुशासनको प्रत्याभूति गर्न नसकेको बताए।

सांसद सिंहले भ्रष्टाचारकै कारण देशमा पछिल्ला केही ठूल्ठूला काण्डहरू भएको दाबी गरे। उनले नक्कली भुटानी शरणार्थी प्रकरण, सुन प्रकरण, वाइड बडी, एनसेललगायत घटनाक्रमको

(बाँकी अन्तिम पातामा)



## जनश्रमदानबाट ढलान सडक बन्दै

प्रस, वीरगंज, १७ वैशाख/
वीरगंज महानगर-९ र १० को सिमानामा २१० मिटर सडक ढलान कार्य भइरहेको छ। मधेस प्रदेश सरकारले विनियोजन गरेको १० लाख रुपियाँको लागतमा ढलान कार्य शुरू गरिएको हो।

मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्माको पहलमा प्रदेश सरकारले सो रकम विनियोजन गरेको हो।

उपभोक्ता समितिमार्फत भइरहेको निर्माण कार्यमा स्थानीयले श्रमदान गरेका छन्। सो कार्य विनियोजित रकमबाट नहुने भएपछि स्थानीयले श्रमदान गरेका हुन्।


तस्वीरः सौजन्य

### विचारसार र सुक्तिहरू

परिस्थिति जब विपरीत हुन्छ, तब प्रभाव र पैसा होइन, स्वभाव र सम्बन्ध काम लाग्छ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# अपराध क्षम्य हुनुभएन

हरि खेतान बहुमुखी क्याम्पस, वीरगंजमा आइतवार विद्यार्थीहरूले तोडफोड गरे। विद्यार्थीहरूले परीक्षामा दुर्व्यवहार गरिएको आरोप लगाएका छन्। कक्षा १२ को परीक्षा अन्तर्गत हरि खेतानमा शुक्रवारदेखि परीक्षा शुरू भएको हो। पहिलो दिन दुर्व्यवहारका कुनै कुरा बाहिर आएका थिएनन्। दोस्रो दिन पनि गणित विषयको परीक्षा सकेर क्याम्पसबाट बाहिरिसकेका विद्यार्थीहरू पुनः परीक्षा केन्द्र हरि खेतान क्याम्पसमा पुगेर होहल्ला गरी तोडफोड गरे। परीक्षा हलमा दुर्व्यवहारलगायतका घटना हुँदो हो भने आजका युवाहरू चुप लागेर बस्दैनन्। दुर्व्यवहारका घटनाहरूको उजागर गरेर सभ्य तरीकाले प्रतिकार गर्ने क्षमताका छन्, अहिलेका युवाहरू। कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरू त्यसै पनि तेजतर्रार हुन्छन्। अहिले विद्यालय तहमा कक्षा १२ समावेश गरिएको छ। यस अघि उच्च शिक्षाको तहमा अङ्कित गरिएको थियो। विद्यालय तहमा विज्ञान विषय लिने विद्यार्थीहरूलाई पढाकु मानिन्छ। अरू सङ्कायभन्दा विज्ञान सङ्कायका विद्यार्थीहरूलाई समाजमा हेर्ने दृष्टिकोण पनि फरक छ। एनआई कलेज वीरगंजको एकमात्र विज्ञान सङ्काय मात्र भएको कलेज हो।

अहिले विभिन्न कलेजहरू र स्वयम् हरि खेतानमा पनि विज्ञान विषयको अध्यापन गराइन्छ। एनआई कलेजको परीक्षाफल पनि अहिलेसम्म उत्कृष्ट रहँदै आएको छ। यस मानेमा त्यहाँका शिक्षक, विद्यार्थीहरू अनुशासित छन् भन्ने सन्देश प्रवाह भएको हुनुपर्छ। तर आइतवारको घटनाले एनआई र त्यहाँ अध्ययनरत विद्यार्थीहरूको बारेमा आम वीरगंजवासीहरूको धारणा परिवर्तन भएको छ। विज्ञानको आविष्कारको माध्यमबाट संसार परिवर्तन गर्ने लक्ष्य, चाहना राख्ने विद्यार्थीहरूले क्याम्पसमा तोडफोड गरे, त्यो पनि बाँदरशैलीमा। सवारीसाधन, कक्षाकोठा, कम्प्युटर ल्याब आदि सबै तोडफोड गरे। घटना हेर्दा विद्यार्थीहरू निकै आक्रोशित भएको देखिन्छ। तर वास्तविकता त्यस्तो छैन। विद्यार्थीहरू आक्रोशित बनाइए, होइन भने कुनै पनि दुर्व्यवहारविरुद्ध सोही समयमा प्रतिकार गर्ने क्षमता राख्ने विद्यार्थीवर्गले परीक्षा सकिएको आधा घण्टापछि यस प्रकारको उपद्रो मचाउँदैन थिए। प्रहरी पनि यो घटनामा चुकेको छ। शान्ति सुरक्षा प्रदान गर्ने उसको पहिलो जिम्मेवारी हो। घटनास्थलबाट वडा प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय र थप प्रहरी बल रहेका स्थानहरू मुश्किलले पाँच मिनेटको दूरीमा छन्।

यस्तो पनि होइन कि प्रहरीसँग सूचना प्रवाह गर्ने संयन्त्रको जुगाड नभएको होस्। हरि खेतानमा परीक्षाका लागि सुरक्षा प्रदान गर्न प्रहरी तैनाथ रहँदै आएका छन्। यस्तो घटनाको समयमा सूचना प्रवाह गरिएकै हुनुपर्छ। तर पनि प्रहरी ठूलो वितण्डा मच्चिएर हानिनोक्सानी भएपछि मात्र पुग्यो। यस कुराको जवाफदेहिता प्रहरी पनि हुनुपर्छ। हामीकहाँको प्रशासन राजनीतिक दबाबमा चलिरहेको छ। होइन भने गलती गर्नेहरूविरुद्ध तत्काल कारबाही किन भएन। दुर्व्यवहार क्याम्पसबाट भएको छ भने त्यसको पनि खोजबीन गरिनुपर्छ र कुनै पनि हालतमा यस प्रकारको तोडफोड, हिंसामा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याएर उचित क्षतिपूर्ति दिलाउन सक्षम हुनुपर्छ। यसो भएको खण्डमा मात्र सचेततामूलक सन्देश जान्छ र दादागिरी गर्ने, गराउने प्रवृत्ति हाबी हुन सक्दैन।

# केही कुरा श्रमिक दिवसका अर्थात् मे दिवस

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**राष्ट्रपति ड्वाइट डी आइजेनहोवरले मे १ लाई 'कानून दिवस' भनेर घोषणा गरेर, संयुक्त राज्य अमेरिकाको कानूनको स्थान मनाउने गरी, हेमार्केट दङ्गाको सम्झनालाई अझ टाढा राखिदिए। सन् १९६१ मे १ मा कङ्ग्रेसले कानून दिवस मनाउने आधिकारिक मितिको रूपमा तोक्यो र मे १ लाई अमेरिकामा कानून दिवसको रूपमा मनाइन्छ नकि श्रमिक दिवस।**

मे दिवस अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस आठ घण्टा मात्र काम गर्नको लागि श्रमिकद्वारा सङ्घर्ष गरिएको ऐतिहासिक दिनलाई सम्झेर मनाउने गरिन्छ। सन् १८८६ मे १ मा शिकागो शहरमा शुरू भएको त्यो सङ्घर्षमा चारजनालाई सन् १८८७ मा मृत्युदण्ड दिइएको थियो। त्यस बेलाको राज्यसत्ताले उनीहरूलाई अराजकतावादीको संज्ञा दिएको थियो। ती श्रमिकहरूको त्यागको सम्झनामा मे दिवस अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस बन्न गयो। उनीहरूमाथि बम प्रहार गरेको झूटो अभियोग लगाइएको थियो। शिकागो शहरमा ४० हजार श्रमिक त्यस आन्दोलनमा संलग्न भएका थिए। त्यही आन्दोलनको बलमा अमेरिकी श्रम महासङ्घले एक ऐतिहासिक निर्णय गर्न बाध्य भयो। त्यसपछि विभिन्न देशहरूमा त्यस्तै किसिमको आन्दोलनमार्फत एक दिनमा आठ घण्टा मात्र कार्यावधि विश्वव्यापी बन्न पुग्यो। अर्थात् मे १, १८८६ मा तीन लाखभन्दा बढी कामदार (४० हजार शिकागोमा मात्र)ले अमेरिकाभरिका १३ हजार व्यवसायबाट आफ्नो जागीर छाडेका थिए। त्यसपछिका दिनहरूमा त्यस आन्दोलनमा धेरै कामदार सामेल भए र हडताल गर्नेहरूको सङ्ख्या लगभग एक लाख पुग्यो।

मे दिवस र श्रम अधिकारबीचको सम्बन्ध संयुक्त राज्य अमेरिकामा शुरू भएको थियो। १९औं शताब्दीको समयमा, औद्योगिक क्रान्तिको उचाइमा, खराब कामको अवस्था र लामो समयको लागि प्रत्येक वर्ष हजारौं पुरुष, महिला र बालबालिकाको मृत्यु भइरहेको थियो। त्यसैको विरुद्धमा श्रमिकहरू एक भएर थालिएको थियो, त्यो आन्दोलन। शिकागोमा त्यस दिन चार लाख श्रमिक हडतालमा सहभागी थिए। एउटा अखबारमा रिपोर्ट आएको थियो कि आज शिकागो शहर मृत शहरजस्तो भएको छ। कुनै कलकारखाना र मिलका अग्लो चिम्नीबाट धूवाँ निस्किएको छैन।

मे डे मूलरूपमा ग्रीक उत्सवहरूबाट प्रेरित भई वसन्त उत्सवको रूपमा लिइने गरिन्छ किनकि यसै समयमा प्रकृतिमा पनि पुनर्जन्म हुन्छ, अर्थात् प्रकृतिमा देखिने नयाँ पालुवाहरू। युरोपमा मे १ ऐतिहासिकरूपमा ग्रामीण क्षेत्रमा गरिने मूर्तिपूजासँग सम्बन्धित थियो। तर त्यस दिनको मौलिक अर्थलाई क्रमशः मजदूर आन्दोलनसँगको आधुनिक सम्बन्धले विस्थापित गर्न पुग्यो। त्यस बेलाको अर्को शक्तिराष्ट्र सोभियत सङ्घले यस दिनलाई श्रमिक दिवसको रूपमा स्वीकार गऱ्यो। यसको रणनीतिक उद्देश्य यो थियो कि यसले अमेरिकाका कामदारहरूलाई पूँजीवादको विरुद्ध गोलबद्ध गर्न सकियोस्। सोभियत सङ्घ र पूर्वी ब्लक देशहरूमा यो दिन महत्त्वपूर्ण बिदा बन्यो, उच्च प्रोफाइल परेडसहित, मस्कोको रेड स्क्वायरमा शीर्ष सरकारी र कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूको अध्यक्षतामा, कार्यकर्तालाई मनाउने र सोभियत सैन्य शक्ति प्रदर्शन गर्ने दिनको रूपमा शुरू गरियो। जर्मनीमा नाजी पार्टीको उदयपछि सन् १९३३ मा श्रम दिवसमा आधिकारिक बिदा दिन थालियो। तर विडम्बनाको कुरा के छ भने, जर्मनीले बिदा स्थापना गरेको भोलिपल्ट स्वतन्त्र युनियनहरू खारेज गऱ्यो, जर्मन श्रम आन्दोलनलाई वस्तुतः हिटलरको आदेशमा नष्ट गरियो। २०औं शताब्दीको उत्तरार्द्धमा सोभियत सङ्घको विघटन र पूर्वी युरोपमा कम्युनिस्ट सरकारहरूको पतनसँगै त्यस क्षेत्रमा ठूलो मात्रामा मे दिवस मनाउने महत्त्व घट्यो। तथापि विश्वभरका दर्जनौं देशमा मे दिवसलाई सार्वजनिक बिदाको रूपमा मान्यता दिइएको छ, र यो मजदूरहरूको समर्थनमा प्रदर्शन र जूलुसहरूको अवसरको रूपमा मनाइन्छ। १८८९ मा मे १ लाई मे दिवस नामकरण गरिएको थियो।

**हेमार्केट दङ्गा :**

मे १ मा शुरू भएको जूलुस तथा विरोध प्रदर्शनहरू शान्तिपूर्ण तरीकाले नै अघि बढिरहेको थियो तर मे ३ मा शिकागोमा प्रहरी र मजदूरहरूबीचमा 'म्याकोर्मिक रिपर वर्क्स' भन्ने ठाउँमा झडप भयो। त्यसमा धेरै मजदूर नराम्ररी घाइते भए र भोलिपल्ट त्यसको विरुद्धमा हेमार्केट स्क्वारमा जम्मा भएर त्यसको विरुद्धमा बुलन्द आवाजहरू गुञ्जियो, जसलाई हेमार्केट दङ्गा भनिन्छ। प्रहरी अधिकारीहरूको समूह भीडलाई तितरवितर गर्न आइपुग्दा वक्ता र अगस्ट स्पाइज घुम्दै थिए। जब प्रहरी अगाडि बढ्यो, एक व्यक्ति जो कहिल्यै नचिनेको थियो, उसले प्रहरीहरूको पङ्क्तिमा बम फ्याँक्यो। अराजकता उत्पन्न भयो, र त्यस दिनको हिंसाको परिणामस्वरूप कम्तीमा सातजना प्रहरी अधिकारी र आठजना नागरिकको मृत्यु भयो। हेमार्केट दङ्गा, जसलाई हेमार्केट अफेयर पनि भनिन्छ, दमनको राष्ट्रिय लहरमा परिणत हुन पुग्यो। अगस्त १८८६ मा अराजकतावादीको रूपमा लेबल गरिएका आठजना पुरुषलाई बम विस्फोटमा प्रतिवादीहरूलाई जोड्ने कुनै ठोस प्रमाण नभएपछि सनसनीपूर्ण र विवादास्पद परीक्षणमा दोषी ठहऱ्याइयो। व्यवसायसँगको सम्बन्धलाई प्राथमिकतामा राखेर यो निर्णय गरिएको थियो। दोषी ठहरिएका सातजनालाई मृत्युदण्ड र आठौंलाई १५ वर्षको जेलसजाय सुनाइएको थियो। अन्तमा, चारजनालाई फाँसी दिइएको थियो, एकले आत्महत्या गऱ्यो र बाँकी तीनजनालाई छ वर्षपछि माफी दिइयो। हेमार्केट दङ्गा र त्यसपछिका परीक्षणहरूले विश्वलाई चकित पारेको केही वर्षपछि युरोपमा समाजवादी र श्रमिक पार्टीहरूको नवगठित गठबन्धनले 'हेमार्केट शहीदहरू'लाई सम्मान गर्न प्रदर्शनको आह्वान गऱ्यो। सन् १८९० मा तीन लाखभन्दा बढी मानिसले लन्डनमा पनि मे दिवसको ऱ्यालीमा हेमार्केट दङ्गाको सम्झनामा विरोध गरे।

मे १ को श्रमिक इतिहास अन्ततः समाजवादी वा कम्युनिस्ट प्रभाव भएकाहरूले मात्र होइन, विश्वभरका धेरै सरकारले अँगाल्न थाले र आज यो विश्वव्यापी हुन पुगेको छ। वर्तमानमा मे दिवसको अवसरमा ६६ देशमा आधिकारिक बिदा दिइन्छ र अनौपचारिकरूपमा धेरै देशमा मनाइन्छ। तर विडम्बनाको रूपमा यो दिवस शुरू भएको देश संयुक्त राज्य अमेरिकामा यस दिनलाई विरलै मान्यताप्राप्त छ। सन् १८९४ पुलम्यानमा भएको हडतालपछि राष्ट्रपति ग्रोभर क्लिभल्यान्डले आधिकारिकरूपमा सेप्टेम्बरको पहिलो सोमवार अमेरिकी श्रम दिवसको उत्सवलाई सारियो। यसले कम्युनिज्म र अन्य कट्टरपन्थी कारणहरूलाई समर्थन गर्ने डरले अन्तर्राष्ट्रिय श्रमिकको उत्सवसँग जानाजानी सम्बन्ध तोडियो। राष्ट्रपति ड्वाइट डी आइजेनहोवरले मे १ लाई 'कानून दिवस' भनेर घोषणा गरेर, संयुक्त राज्य अमेरिकाको कानूनको स्थान मनाउने गरी, हेमार्केट दङ्गाको सम्झनालाई अझ टाढा राखिदिए। सन् १९६१ मे १ मा कङ्ग्रेसले कानून दिवस मनाउने आधिकारिक मितिको रूपमा तोक्यो र मे १ लाई अमेरिकामा कानून दिवसको रूपमा मनाइन्छ नकि श्रमिक दिवस। अमेरिकामा श्रमिक दिवस सेप्टेम्बरमा मनाइन्छ।

**नेपालमा मे दिवस**

नेपालमा मे दिवस, जसलाई मजदूर दिवस वा श्रमिक दिवस पनि भनिन्छ, विश्वभर मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवससँग मिल्दोजुल्दो छ।

**१. श्रम अधिकारको वकालतः**

नेपालमा मे दिवस मुख्यतया श्रमिकहरूको अधिकारको वकालत गर्नमा केन्द्रित रहने गरेको छ। श्रमिक सङ्घ, ट्रेड युनियन र मजदूर सङ्गठनहरूले श्रमिक मुद्दाहरू जस्तै उचित पारिश्रमिक, सुरक्षित कामको अवस्था, सामाजिक सुरक्षाको बारेमा चेतना जगाउन ऱ्याली, जूलुस र प्रदर्शनहरू आयोजना गर्छन्।

**२. यस दिवसमा सरकारको संलग्नताः**

मे दिवस नेपाल सरकारले पनि धूमधामका साथ मनाउने गरेको छ। यस दिन राष्ट्रिय बिदा हुन्छ। सम्बन्धित अधिकारीहरूले कामदारहरूको सरोकारलाई सम्बोधन गर्ने र श्रमको अवस्था सुधार गर्न सरकारी पहलहरू हाइलाइट गर्ने भाषण वा घोषणाहरू गर्ने गर्छन्।

**३. ऐतिहासिक सन्दर्भः**

नेपालमा मे दिवस मनाउने ऐतिहासिक महत्त्व छ। यस दिनलाई श्रम अधिकारका लागि मजदूरहरूको सङ्घर्षको ऐतिहासिक तथ्यमा (जसको सुरुआत विराटनगर जुटमिलबाट भएको थियो) निहित छ। नेपालमा श्रम सक्रियताको इतिहास छ। र मे दिवसले सामाजिक र आर्थिक न्यायको लागि चलिरहेको लडाइँको सम्झनाको रूपमा काम गर्छ।

**४. सांस्कृतिक र सामाजिक घटनाहरूः**

श्रमसम्बन्धी गतिविधिका अतिरिक्त नेपालमा मे दिवसमा विभिन्न सांस्कृतिक र सामाजिक कार्यक्रमहरूको आयोजना गरिन्छ। यसमा परम्परागत सङ्गीत र नृत्य प्रदर्शनहरू र जमघटहरू गरी सबै रोजगारदाता र श्रमिक एकापसमा हार्दिकतालाई आदानप्रदान गरी मनाउने गर्छन्।

**५. नीतिगत छलफलहरूः**

मे दिवस नीति निर्माताहरू, श्रमिक नेताहरू र सरोकारवालाहरूका लागि श्रम नीति र नियमहरूका बारेमा छलफलमा संलग्न हुने अवसर पनि हो। यो समय श्रम समस्याहरू सम्बोधन गर्न र भविष्यमा सुधारका लागि रणनीति बनाउन प्रगति समीक्षा गर्ने समय पनि हो।

समग्रमा नेपालमा मे दिवस उत्सव र सक्रियता दुवैको दिन हो। श्रमिकहरूले उनीहरूको अधिकार र कल्याणको वकालत गर्दै योगदानको सम्मान गर्न समर्पित दिनको रूपमा लिने गरेका छन्।

# तातो हावाको लहर अझै बढ्ने

काठमाडौं, १७ वैशाख/रासस

विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिकरूपमा वृद्धि भइरहेकाले तातो हावाको लहर अझै बढ्ने भएको छ।

लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। यो क्रम वैशाख २० गतेसम्म जारी रहने मौसमविद्ले बताएका छन्।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहेको विभागले बुलेटिनमार्फत चेतावनीसहितको सूचना जारी गरेको छ।

"तातो बढ्ने भएकोले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध छ," विभागले भनेको छ। महाशाखाका मौसमविद् रोजन लामिछानेले तातो बढेसँगै आगलागी, हावाहुरीलगायतका समस्या झन् बढ्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने बताए। उनका अनुसार यस वर्ष सबैभन्दा बढी ४३.६ डिग्री तापक्रम मापन भएको छ। भैरहवामा वैशाख ८ गते उक्त तापक्रम रेकर्ड भएको थियो।

सूचनामा भनिएको छ, "तराईका ती भूभागमा आजदेखि यही वैशाख २० गतेसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउनुहुन अनुरोध छ। साथै पहाडी भूभागका उपत्यका तथा खोंचमा समेत तापक्रम क्रमिकरूपमा बढ्न सक्ने सम्भावना रहेकाले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहनुहुन अनुरोध छ।"

**सम्भावित असर तथा सुझाव**

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुन सक्नेछ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चीसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्बत आदि) प्रशस्त मात्रामा पिउन स्वास्थ्यकर्मीले अनुरोध गरेका छन्।

यस्तै, स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत भनिएको छ। महाशाखाले दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमा समेत सोही अनुसार नियमितरूपमा अद्यावधिक गरिने भएकाले अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ।

तस्वीरः रासस



तनहुँको व्यास नगरपालिका–६ बाऱ्हबिसेमा पानीको लागि भजनकीर्तन गर्दै।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# महोत्तरीमा दिनहुँजसो आगलागी

महोत्तरी, १७ वैशाख/रासस

जारी वैशाखको दोस्रो साता शुरू भएयता महोत्तरीमा दिनदिनैजसो आगलागीका कहालीलाग्दा घटना बढेका छन्। पछिल्ला १० दिनमा जिल्लाका विभिन्न ठाउँमा भएका आगलागीले करोडौँ मूल्यको क्षति भएको छ।



वैशाख दोस्रो साताको प्रारम्भमै मटिहानीको एउटा फर्निचर उद्योगमा भएको आगलागीले रु ३० लाख बढीको क्षति गरेको एक साता नपुग्दै मटिहानी–६ जरलहवागाछी टोलको ११० वटा घर खरानी पार्ने घटनाले अझै त्यहाँका बासिन्दा बौरिन सकेका छैनन्।

गत बुधवारको सो कहालीलाग्दो घटनाको भोलिपल्टै मटिहानी–९ सिमरदहीमा गत बिहीवार एउटा इलेक्ट्रोनिक पसलमा भएको आगलागीको घटनामा पसलका सरसामान जलेर नष्ट भएका छन्। त्यसअघि गत मङ्गलवार बलवाको बगडाको फर्निचर उद्योगमा आगलागी भएको थियो।

पछिल्लोपटक हिजो आइतवार दिउँसो जिल्लाको गौशाला–२ कठुधारमा फेरि आगलागी भएको थियो। सो बस्तीका सद्दाम नदाफ धोबी र निजकै भाइ मन्सुर नदाफको घर आगोले खरानी बनाएको छ। पछिल्लो यो घटनामा घरमा राखिएका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा र अन्य सरसामानसहित रु १० लाखको क्षति भएको इलाका प्रहरी कार्यालय, गौशालाका प्रहरी निरीक्षक मनोजकुमार यादवले बताए।

महोत्तरीसहितका मधेसमा बर्सेनि गर्मी चढ्दै गएपछि आगलागीका घटना हुँदै आएका छन्। यद्यपि यी विनाशकारी घटना धेरैजसो सजगताको कमीले नै हुने गरेका पाइएको सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र प्रहरी अधिकारीको अनुभव छ।

कुनैकुनै घटना विद्युत् चुहिएर (विद्युत् सर्ट भएर) र कदाचित सङ्घर्षबाट हुने भएपनि यता हुने धेरैजसो आगलागी घरको आगो र प्रज्वलनशील वस्तुको ठीक व्यवस्थापन नगरिंदा नै भएका रेडक्रस महोत्तरी शाखाका सभापति दीपक मिश्रको विगत अनुभव छ।

"हामी त यस्ता विपद्का बेला कारण खोज्दैनौं, सकेको राहत उद्धारमा लाग्छौं, तर पछि घटनाका कारण खोतल्दा घरको आगो (खाना पकाउन बालिएको) राम्रो व्यवस्थापन नगरिंदा, बाटो हिंड्नेले ननिभाइ मिल्काएका बिंडी/चुरोटका ठुटाबाट सल्कँदा र प्रज्वलनशील वस्तु (सलाई, लाइटर) ससाना नानीले खेलाउँदा भएको पाइन्छ," मिश्र भन्छन्, "आपत्का बेला यस्ता पक्ष नउप्काइए पनि यी वास्तवमा लापरवाही नै हुन्।" मौसम अनुसार यी कुरामा राम्रो ध्यान पुऱ्याउन सके घटना न्यूनीकरण हुने मिश्रको ठम्याइ छ।

आगलागी नियन्त्रण गर्न मुख्यरूपले स्थानीय तहका वडा समितिले बस्तीभित्रका सामाजिक सङ्घसंस्था, राजनीतिक दल र अन्य सरोकारवालालाई समावेश गरेर सचेतनामूलक घुम्ती प्रचार गर्नुपर्ने कतिपयको सुझाव छ। प्रत्येक नयाँ वर्षअघि वडाका बस्तीमा पालैपालो पाँच/सात दिन घरघरै जस्तो आगो व्यवस्थापनबारे सचेतना दिंदै कतै लापरवाही भेटिए त्यसै अनुसारको नसियत (सजाय, जरिवाना) तिराइए पूर्वसजगता बढ्ने सूर्योदय सांस्कृतिक क्लब, भङ्हा–४ रामनगरका पूर्वअध्यक्ष गोपालप्रसाद श्रेष्ठको सुझाव छ।

# आगलागीपीडितलाई कामनपाद्वारा १० लाख सहयोग

काठमाडौँ, १७ वैशाख/रासस

काठमाडौँ महानगरपालिकाले महोत्तरी जिल्लाको मटिहानी नगरपालिका–६ जरलहवा टोलका आगलागीपीडितलाई रु १० लाख सहयोग उपलब्ध गराउने निर्णय गरेको छ। महानगर विपद् व्यवस्थापन समितिले आगलागीको विपद्मा परेका व्यक्ति तथा परिवारको राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने निर्णय गरेको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए।

उक्त रकम आज नगरपालिकाको खातामा जम्मा हुनेगरी पठाउने महानगरपालिकाको तयारी रहेको छ। जरलहवा टोलमा यही वैशाख १२ गते दिउँसो १ बजेदेखि आगलागी शुरू भएको थियो।

आगलागीमा परेर ९१ वटा कच्ची घर र नौवटा अर्धपक्की घर गरेर एक सय घर जलेर नष्ट भएका थिए। यसबाट ४५५ जना प्रभावित भए भने सोही आगलागीले पाँचवटा बाखा, दुईवटा सुङ्गुर जलेर नष्ट भएका थिए।

# तीन वर्षीया बालिका हत्या अभियोगमा दुईजना पक्राउ

गोलबजार (सिराहा), १७ वैशाख/रासस

सिराहामा तीन वर्षीया बालिकाको हत्या अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

सिराहा नगरपालिका–१८ जरुवा लक्ष्मीनियाँ टोलका रमेश यादवकी तीन वर्षीया छोरी रिया कुमारीको हत्या अभियोगमा छिमेकी ४७ वर्षीया सोनादेवी र उनकी छोरी पूजाकुमारी यादवलाई पक्राउ गरी सोमबार सार्वजनिक गरिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आशङ्का गरिएका सोनादेवीका पति धनिकलाल यादव भने फरार छन्।

गत बुधवार बिहानदेखि हराइरहेकी रियाको शव खोजतलाशका क्रममा दुई दिनपछि शुक्रवार राति छिमेकी धनिकलाल यादवको घरमा फेला परेको जिप्रका, सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए।

दुई परिवारबीच घरायसी झगडा हुँदै आएकाले सोही रिसइबीका कारण बालिकाको हत्या भएको हुन सक्ने प्रहरीको अनुमान छ।



**प्रकृतिको सुन्दरता:** यस वर्ष अत्यधिक गर्मीसँगै सुख्खायाम बढेको छ। अहिले तत्कालै वर्षा हुने कुनै सङ्केत छैन। करेसाबारीमा रहेको फूलको बोटमा पानी पटाउँदै गर्दा पुतली एकदमै रमाएर फूलको रस चुस्दै। पानी छ त प्राण छ। त्यसैले प्रकृतिको संरक्षण गर्न प्राकृतिक स्रोतको संरक्षण गर्न अति आवश्यक छ। तस्वीरः जीतलाल श्रेष्ठ

# इन्डियन र क्रोएशियाका निजी क्षेत्रबीच सम्झौता

काठमाडौं, १७ वैशाख/रासस

नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसीसीआई) र इन्डियन इन्डस्ट्रिज एशोसिएशन (आइआइए)बीच द्विपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

तेस्रो लगानी सम्मेलनका क्रममा सोमवार उक्त सम्झौता भएको हो। सम्झौतापत्रमा एफएनसीसीआईका तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकाल र आइआइएका तर्फबाट अध्यक्ष अनुजकुमार गर्गले हस्ताक्षर गरे।

नेपाल र भारतबीचको लगानी, व्यापार तथा उद्योग क्षेत्रमा आपसी सहकार्य तथा हित प्रवर्द्धनका लागि सहकार्य गर्न यो सम्झौता भएको महासङ्घका महासचिव घिमनारायण पराजुलीले जानकारी दिए। दुई देशका निजी क्षेत्रबीच भएको यो सम्झौताले मुख्यगरी व्यापारका क्षेत्रमा सहजीकरणका लागि टेवा पुग्ने अपेक्षा गरिएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घले आजै चाइना दोङ्न जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडसँग पनि नेपालमा लगानी सहजीकरणका लागि सहकार्य गर्नेसम्बन्धी सम्झौता गरेको छ।




तस्वीरः एजेन्सी

**नेपाल चेम्बर अफ कमर्स र क्रोएशियाको निजी क्षेत्रबीच सहकार्यसम्बन्धी समझदारी**

नेपाल चेम्बर अफ कमर्स र क्रोएशियाको व्यावसायिक प्रतिनिधिमण्डलबीच व्यापार र पर्यटन क्षेत्रमा सहकार्य गर्ने विषयमा समझदारी भएको छ। काठमाडौँमा जारी तेस्रो लगानी सम्मेलनका क्रममा दुवै संस्थाबीच व्यापार सहजीकरण एवं पर्यटन क्षेत्रमा लगानी गर्ने सम्बन्धमा समझदारी भएको चेम्बरले जनाएको छ।

सम्मेलनमा चेम्बरले जलविद्युत्, होटललगायत क्षेत्रका एक दर्जन योजना 'सो–केस'मा राखेको छ। सो अवसरमा चेम्बर अफ कमर्स र क्रोएशियाका व्यावसायिक प्रतिनिधिमण्डलबीच नेपालमा लगानीको वातावरण, प्रतिफल, उपभोक्ता बजार, कानूनी पाटोलगायत विषयमा छलफल भएको चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए।

# जलेश्वर भन्सारबाट नौ महीनामा दुई अर्ब ३५ करोड राजस्व सङ्कलन

जनकपुर, १७ वैशाख/रासस

महोत्तरीको जलेश्वर भन्सार कार्यालयले नौ महीनामा रु दुई अर्ब ३५ करोड ९१ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म रु दुई अर्ब ३५ करोड ९१ लाख २८ हजार १४० राजस्व सङ्कलन गरेको बताए।

सो अवधिमा रु दुई अर्ब ८० करोड ८४ लाख ७७ हजार ८०९ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको थियो। आयात तथा निर्यातमा भएको कमी र विश्वव्यापी आर्थिक मन्दीका कारण निर्धारित लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको गुप्ताको भनाइ छ। त्यसैगरी, भारत सरकारले प्याजलगायत अन्य सामानको आयातमा लगाएको प्रतिबन्धका कारण पनि राजस्व सङ्कलनमा समस्या आएको समेत उनले बताए।

सङ्कलित राजस्वमध्ये पेट्रोलियम पदार्थबाट ५३ दशमलव ९१ प्रतिशत अर्थात् रु एक अर्ब ३५ करोड, कोइलाबाट आठ दशमलव तीन, आलुबाट चार दशमलव तीन, चामलबाट तीन दशमलव दुई, मिठा (गुड)बाट दुई दशमलव तीन, सेरामिक्स




तस्वीरः एजेन्सी

तथा टायलबाट एक दशमलव १४, स्याउबाट शून्य दशमलव ६१, मसलाबाट एक दशमलव ७५, प्याजबाट शून्य दशमलव ४९, धानबाट शून्य दशमलव ५७ तथा अन्य सामानबाट एक दशमलव १४ प्रतिशत राजस्व सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। त्यसैगरी, विभिन्न मितिमा पक्राउ गरिएका सामानहरूको लिलामीबाट रु दुई करोड ६६ लाख ८८ हजार राजस्व सङ्कलन भएको पनि तथ्याङ्कमा उल्लेख छ।

भन्सार विभागले चालु आवमा रु तीन अर्ब ७३ करोड २३ लाख ६२ हजार ६८७ राजस्व सङ्कलन गर्ने लक्ष्य तोकेको र सो लक्ष्यबमोजिम राजस्व सङ्कलन गर्ने विश्वास रहेको सूचना अधिकारी गुप्ताको भनाइ छ। सो कार्यालय अन्तर्गत रहेका छोटी भन्सार कार्यालयबाट पनि लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको छ।

# पानीको अभाव भएपछि दमकलले पानी वितरण गरिँदै

धनुषा, १७ वैशाख/रासस

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा पानीको अभाव भएपछि दमकलबाट पानी वितरण गर्न थालिएको छ। अत्यधिक गर्मीका कारण पानीको स्रोतको रूपमा रहेका चापाकल र अन्य पानीका स्रोत सुकेपछि दमकलले पानी वितरण गर्न थालिएको नगरप्रमुख सुखदेव यादवले जानकारी दिए।

नगरप्रमुख यादवले नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने वडा नं ७ को हरिहरपुर, दुर्गाटोल र वडा नं ८ को दिगम्बरपुर गाउँमा पानी स्रोत सुकेको बताए। ती दुवै गाउँमा रहेका चापाकल सुकेर पानीको अभाव भएको छ। चापाकलमा पानी आउन बन्द भएका गाउँका बासिन्दालाई विगत एक सातादेखि वारुणयन्त्रको मदतले खानेपानी उपलब्ध गराइरहेको उनले जानकारी दिए।

नगरपालिकासँग खानेपानी ट्याङ्कर नभएकाले पानी वितरणका लागि वारुणयन्त्रलाई उपयोगमा ल्याइएको बताउँदै प्रमुख यादवले साँझ, बिहान र आवश्यकता अनुसार पानी उपलब्ध गराइरहेको बताए। उनले पानीको दीर्घकालीन समस्या समाधानका समेत नगरपालिका जुटेको बताए।

प्रमुख यादवले भने, "हरिहरपुर दुर्गाटोलस्थित महादेव मन्दिरनजीक बिग्रेको अवस्थामा रहेको डीप ट्युवेल सञ्चालनमा ल्याउन मर्मतसम्भारको



तस्वीरः एजेन्सी

काम भइरहेको छ। त्यसलगायत सोही बस्तीमा रु २० लाखको लागतमा एक थान नयाँ डीप ट्युवेल र तीनवटा इनार खन्ने योजना बनाएर काम भइरहेको छ।"

त्यसैगरी, दिगम्बरपुरमा पनि खानेपानीको समस्या समाधान गर्न त्यहाँ रहेको खानेपानी योजना सञ्चालनमा ल्याउने काम भइरहेको प्रमुख यादवको भनाइ छ। दिगम्बरपुरमा पनि रु २० लाखको लागतमा नयाँ डीप ट्युवेल र चारवटा नयाँ इनार खन्न बजेट विनियोजन गरिएको उनले बताए।

हरिहरपुरका युवा विनोद यादवले जमीनमुनि पानीको जलस्तर तल सर्दै गएकाले पानीका स्रोत सुकेको बताए। उनले विगत केही वर्षदेखि सुख्खायाम शुरू भएसँगै यस क्षेत्रमा पानीका स्रोत सुक्ने गरेको बताउँदै पानीको दीर्घकालीन उपायको खोजीमा जुट्न यस क्षेत्रबाट निर्वाचित स्थानीय जनप्रतिनिधि, प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्यलाई आग्रह गरे।

धनुषाको उत्तरी क्षेत्र क्षीरेश्वरनाथ, बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा नदी, पानी खोल्सी, जरुवा, इनार, चापाकललगायतका पानीका स्रोत सुक्न थालेपछि पानीको सङ्कट बढ्न थालेको स्थानीयको भनाइ छ।

# लगानी सम्मेलनमार्फत लगानीका अवसरको खोजी

विचार



प्रशान्तकुमार विक

**अझ दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ । तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढङ्गबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरू हुन् ।**

'समृद्व नेपाल, सुखी नेपाली'को अवधारणालाई साकार पार्न नेपालमा लगानी भित्र्याउनुको विकल्प छैन । लगानीमैत्री वातावरण र लगानी आकर्षणविना नेपाल अतिकम विकसित देशबाट विकासोन्मुख देशका रूपमा अगाडि बढ्न सक्दैन । उपलब्ध स्रोतसाधनको यथाशक्य उपयोग गर्न पनि लगानी आवश्यक पर्छ । सरकारको सीमित स्रोत साधनबाट मात्र विकासका कार्यक्रमहरू सम्पन्न गर्न नसकिने भएकाले पनि द्विपक्षीय तथा बहुपक्षीय लगानी भित्र्याउन अपरिहार्य छ। तर देशले उदार आर्थिक नीति अवलम्बन गरेको तीन दशकभन्दा बढी समय भइसक्दा पनि अपेक्षित विदेशी लगानी भित्र्याउन नसकेको अवस्था छ । राजनीतिक परिवर्तनसँगै आर्थिक विकास हुन नसक्दा देश पछाडि परेको हो। आर्थिक विकासको आधार भनेको लगानी नै हो । त्यसैले नेपाल सरकारले लगानीका अवसरहरू खोजी गर्नका लागि भनेर तेस्रो लगानी सम्मेलन, २०२४ आयोजना गरेको धेरैको ठम्याइ छ। देशको तरल राजनीतिक तथा नीतिगत अवस्थाका बावजूद पनि सरकारले गर्न लागेको यो सम्मेलन आफैंमा सराहनीय कदम हो ।

नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दुई दिने सम्मेलनलाई १० वटा सेसनमा विभाजन गरिएको छ, जसमा ५० भन्दा बढी वक्ता र एक हजारभन्दा बढी सहभागीहरू रहेका छन्। बहुप्रतीक्षित र धेरैले चासोको रूपमा हेरिरहेको सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, निजी, तथा विकास साझेदारहरूको प्रतिनिधित्व भइरहेको छ। नेपालको राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रमहरूसँग तालमेल मिलाउँदै गर्न लागिएको सम्मेलनमा निजी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

विशेषगरी यो सम्मेलन प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि गरिएको प्रयासका रूपमा हेरिएको छ । त्यसैगरी, लगानीका लागि पर्यटन, ऊर्जा, सूचना प्रविधि, कृषि, निर्माण, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र शहरी विकास गरी सम्भावित १० वटा क्षेत्र निर्धारण गरिएका छन् । ती क्षेत्रहरूमा लगानी प्रक्रिया सहज बनाउनका लागि छवटा प्रक्रियागत चरण पनि उल्लेख गरिएका छन् । लगानीका लागि आवेदन, स्वीकृति, कम्पनी दर्ता, नेपाल राष्ट्र बैंकको क्लियरेन्स, वार्ता तथा सम्झौताहरू र अनुमति, स्वीकृति र दर्तालगायतका प्रक्रियाहरू समावेश गरिएका छन् । सरकारले लगानीमैत्री वातावरण तयार गर्नका लागि यस्तो खालको एकद्वार नीति अवलम्बन गरेको हो। सम्मेलनअगाडि पूर्वलगानी गोष्ठीहरू देशभित्र काठमाडौं र लुम्बिनीमा आयोजना गरिएका थिए भने देशबाहिर भारतको नयाँ दिल्ली, बङ्गलादेशको ढाका, चीनको छेन्दु, बेइजिङ, हङकङलगायतका शहरहरूमा सम्पन्न भएका थिए ।

चीनको सिचुवान प्रान्तको छेन्दु शहरमा भएको पूर्वलगानी सम्मेलनमा सहभागी हुने अवसर प्राप्त भएको थियो। अहिलेका कन्सुलेट जनरल सुरेश रावतले लगानीसँग सम्बन्धित यो पहिलो तर महत्त्वपूर्ण कार्यक्रम भएको उल्लेख गरेका थिए। सहआयोजक सिचुवान चेम्बर अफ इन्टरनेशनल कमर्सका प्रतिनिधिले पनि नेपालको विकासका लागि लगानी गर्न आवश्यक रहेको र यसले दुवै देशका जनतालाई फाइदा पुग्ने कुरा उल्लेख गरेका थिए । कार्यक्रममा सहभागी सिचुवान वोलुन इलेक्ट्रिक कम्पनी लिमिटेडका ग्लोबल सेल्स प्रतिनिधि विल लियाओलगायतले लगानीसँग सम्बन्धित प्रश्नहरू सोधेका थिए । यसले चिनियाँ लगानीकर्ताहरू लगानी गर्न उत्सुक रहेका देखिन्छन् । कार्यक्रमले 'नेपाल लगानी भित्र्याउन आतुर छ है' भन्ने सूचना प्रवाह गरेको थियो । सम्मेलनको व्यापक प्रचारप्रसारका लागि सूचना प्रविधिको अधिक प्रयोग गरिएको छ । फेसबूक तथा एक्स (ट्वीटर)लगायतका सामाजिक सञ्जालको नियमित उपयोग गरिएको छ ।

चीनले नेपालीलाई यही मे १ देखि मेनल्यान्ड चाइनाका लागि भिसा प्रक्रिया निश्शुल्क गर्दैछ । यसबाट दुई देशबीच आवागमन सहज हुनेछ भने यसले पनि लगानीका लागि वातावरण तयार गर्न सक्छ । अहिले नेपालमा सबैभन्दा बढी वैदेशिक लगानी गर्ने देशमा छिमेकी देश चीन र भारत नै अगाडि छन् । दुवै छिमेकी राष्ट्र आर्थिकरूपमा शक्तिसम्पन्न हुँदा पनि नेपालले सोचेजस्तो आर्थिक वृद्धि तथा विकास गर्न नसक्नु चिन्ताजनक विषय हो । चीन र भारत आपसमा सहयोगी भन्दा पनि प्रतिस्पर्धी व्यवहारबाट निर्देशित हुँदा त्यसको नकारात्मक प्रभाव नेपालमा पर्नु स्वाभाविक हो। दुवै छिमेकी देशको विकास हुँदा 'स्पिल ओभर इफेक्ट'का कारण नेपालमा पनि विकास हुन्छ भन्ने मान्यता नभएको होइन तर त्यसका लागि उनीहरूको चाखलाई चलाखीपूर्ण ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ । उदाहरणको लागि चीनको लगानीमा उत्पादन भएको विद्युत् संयुक्त राज्य अमेरिकाले लगानी गरेको प्रसारण लाइन हुँदै भारतीय तथा बङ्गलादेशको बजारमा बेच्नुपर्ने स्थिति छ । चीन, भारत र संयुक्त राज्य अमेरिकाजस्ता ठूला शक्ति राष्ट्रहरूलाई नेपालमा व्यवस्थापन गर्न देशको नीति र नेतृत्वको खूबीको कुरा हो ।

अझ दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ। तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढङ्गबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरू हुन्। त्यसका बावजूद नेपाल सार्क, बिमिस्टेक, विश्व व्यापार सङ्गठन, बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)लगायत अन्य थुप्रै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूको सदस्यका रूपमा रहँदै आएको छ । नेपालले बढीभन्दा बढी लगानी भित्र्याउनका लागि यी सङ्गठन (फोरमहरू)को कूटनीतिक उपयोग गर्न सक्नुपर्छ। साथै गैरआवासीय नेपाली सङ्घलगायत विदेशमा रहेका नेपालीहरू (डायस्पोरा)लाई लगानीका लागि उत्प्रेरित गर्न आवश्यक छ ।

नेपालले हालसम्म कूटनीतिकरूपमा १४२ देशसँग दौत्य सम्बन्ध कायम गरेको छ । ३० देशमा आफ्नो राजदूतावास खोलेको छ भने सातवटा महावाणिज्य दूतावास रहेका छन्। यी निकायहरूको उपयोग गरेर पनि लगानी भित्र्याउन सकिन्छ । सरकार–सरकारबीचको सम्बन्ध मात्र होइन, जनता–जनताबीचको सम्बन्ध (ट्र्याक–टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ । त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ । लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानुपर्छ । संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन। एक अन्तर्वार्तामा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास मन्त्रालयहरू पनि चलायमान हुनुपर्छ भन्नुको पछाडि लाइन अफ एजेन्सीको सक्रियता खोजिएको प्रस्ट हुन्छ ।

देश विकासको लागि लगानी आकर्षण गर्न सकिने पर्याप्त सम्भावनाहरू पनि छन् । देशमा युवा जनशक्ति हुनु, न्यून श्रम मूल्य, अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको सहकार्य, नेपालको रणनीतिक भौगोलिक अवस्थिति, प्रविधिको उपयोग, सेवाप्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्नुजस्ता विषयहरू लगानी भित्र्याउनका लागि सहज परिस्थितिहरू हुन्। यसका कारण लगानी बोर्डका अनुसार अहिलेसम्म विभिन्न ४२ वटा परियोजना स्वीकृत भएका छन् । नेपालमा लगानी गर्नेमा होन्सी शिवम् सिमेन्ट प्रालि, ह्वासिन सिमेन्ट, एनसेल, एसजेविएन, स्टचान्डर्ड चार्टर्र बैंक, डाबर, युनिलिभर, पन्जाब नेशनल बैंक, नेपाल एसबिआई बैंक लिमिटेड, जिएमआर माथिल्लो कर्णाली जलविद्युत् आदि प्रमुख रहेका छन् । वैदेशिक लगानीको कुरा गर्दा विभिन्न समयमा एनसेलगायतका बहुराष्ट्रिय कम्पनीहरूसँग नीतिगत जटिलताका कारण देखिएका समस्याहरू भविष्यमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेबारेमा पनि ध्यान जान आवश्यक छ ।

थप सम्भावित लगानीकर्ताहरू (व्यक्ति वा संस्था)लाई आकर्षित गर्न लगानी बोर्डले 'रोस्टर म्यानेजमेन्ट सिस्टम' पनि लागू गरेको छ। यस अनुसार आगामी दिनमा लगानीका लागि अझै सहज वातावरण बन्न सक्छ। यस सम्मेलनलाई निजी क्षेत्रले पनि निकै महत्त्व र अवसरको रूपमा लिएको छ । नेपाल सरकार आयोजक रहेको यस सम्मेलनको सहआयोजकका रूपमा भने नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्स रहेका छन्। सम्मेलनपछि स्वदेशी र विदेशी लगानीकर्ताहरू कत्तिको आकर्षित हुन्छन्, त्यो हेर्न बाँकी नै छ तर यसले व्यापकरूपमा लगानी सचेतना अभिवृद्धि गरेको देखिन्छ ।

(लेखक चीनस्थित सिचुवान विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि गर्दै छन्। रासस)



**म भाग्दिनँ, मेरो शिकार नगर्नुस्:** निजगढ नगरपालिका–६ स्थित जनसृजनशील सामुदायिक वन उपभोक्ता समूहको पार्क क्षेत्रभित्र निर्माण गरिएको हरिणको प्रतिमा । तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

### विश्वको सबैभन्दा ठूलो विमानस्थल दुबईमा बन्ने

विश्वको सबैभन्दा ठूलो विमानस्थल दुबईमा बन्ने युएईका शासक शेख मोहम्मद बिन रसिद अल मकतुमले आइतवार घोषणा गरेका छन् । १० वर्षभित्र यो



विमानस्थल तयार हुनेछ। हालको दुबई अन्तर्राष्ट्रिय विमानस्थलको आकारभन्दा यो पाँच गुणा ठूलो हुने दाबी गरिएको छ ।


नयाँ विमानस्थल नेरु पाँच लाख करोडको लागतमा निर्माण हुनेछ। यसबाट वार्षिक २६ करोड यात्री ओहोरदोहोर गर्ने अनुमान छ। यो विमानस्थलको नाम अल मकतुम एयरपोर्ट हुनेछ। विमानस्थलमा चार सय बोर्डिङ गेट र पाँचवटा रनवे हुनेछन् । ७० वर्ग किलोमिटरमा निर्माण हुने यस विमानस्थलका लागि पाँचवटा यात्रीवाहक टर्मिनल भवन निर्माण गरिनेछ। क्षमताको हिसाबले पनि अन्य विमानस्थलको तुलनामा धेरै राम्रो हुनेछ। वार्षिक १२ मिलियन टन कार्गोको क्षमता हुने बताइएको छ ।

युएईका शासकले आफ्नो ट्विटमा विमानस्थलका विशेषताहरू उल्लेख गरेका छन्। विमानस्थल दुबई एभिएशन कर्पोरेशन रणनीतिको हिस्सा हुनेछ। यात्रीको सुविधाको लागि उत्कृष्ट प्रविधि यहाँ प्रयोग गरिनेछ । यहाँ यात्रीहरूले धेरै प्रकारका सुविधा पाउनेछन् ।

यसका लागि दुबईको दक्षिणी भागमा शहरहरू स्थापना भइरहेका छन्। यो शहर र विमानस्थलले दुबईका प्रख्यात कम्पनीहरूलाई रसद र हवाई यातायात सहयोग प्रदान गर्नेछ। यो परियोजना भविष्यको दृष्टिकोणबाट धेरै विशेष हुनेछ। युएईका शासक शेख मोहम्मद बिन रसिद अल मकतुमका अनुसार यो विमानस्थलले आगामी पुस्ताको विकास सुनिश्चित गर्नेछ, यो विश्वको एकमात्र विमानस्थल हुनेछ, जसको आफ्नै बन्दरगाह हुनेछ । यसको आफ्नै शहरी हब र आफ्नै ग्लोबल सेन्टर हुनेछ। यसले अर्थतन्त्रसँगै व्यापारमा पनि टेवा पुग्छ। यसले पर्यटन क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउनेछ ।

### कलेजोलाई सफा गर्ने पाँच पेय

कलेजो बिग्रिएपछि बाँच्न धेरै गाह्रो हुन्छ। तसर्थ यसलाई स्वस्थ राख्नको लागि समयसमयमा प्राकृतिकरूपमा सफाइ गर्ने उपायहरू अपनाउनुपर्छ। कलेजो मदिराको कारणले मात्र कुहिँदैन, धेरै भुटेको, तारेको र जङ्क फूडले पनि यसलाई बिगार्छ। यद्यपि कलेजोमा केही हदसम्म आफैंलाई सफा गर्ने क्षमता हुन्छ।



छाला चिलाउने, गाढा पिसाब, थकान महसूस भइरहने, थकान महसूस हुने, वाकवाकी वा बान्ता हुने, पेट दुख्ने वा सुन्निने, छाला पहेंलो हुने आदि लक्षण देखिएमा कलेजो बिग्रिएको लक्षण हुन सक्छ। यदि यस्तो छ भने केही प्राकृतिक उपायहरू अपनाएर कलेजो सफा गर्न सकिन्छ ।

**पुदिनाको चियाः** पुदिनाको चिया कलेजोको लागि निकै लाभदायक हुन्छ । पुदिनाको पातमा मेन्थोल र मेन्थोन जस्ता आवश्यक तेलहरू प्रशस्त हुन्छन्, जसले कलेजोको डिटोक्स कार्यमा मदत गर्छ र पाचनलाई सही बनाउँछ । एउटा कचौरामा पानी उमालेर त्यसमा दुई चम्चा पुदिनाको पात हाल्नुहोस्। केही समय उमाल्नुहोस्, त्यसपछि राति सुत्नुभन्दा आधा घण्टाअगाडि पिउनुहोस् ।

**बेसारको चियाः** बेसार सदियौंदेखि आयुर्वेदमा प्रयोग हुने शक्तिशाली मसला हो । यस्तो अवस्थामा दैनिक बेसारको चिया पिउनाले कलेजोसहित शरीरलाई डिटोक्सिफाई गर्नमा धेरै मदत गर्छ। यसका लागि एक गिलास उमालेको पानीमा एक चिम्टी बेसार र मह मिसाएर पिउनुहोस् ।

**अदुवा–कागती चियाः** अदुवा र कागतीको मिश्रणमा शक्तिशाली एन्टिइन्फ्लेमेटरी गुणहरू हुन्छन्, जसले तपाईंको शरीरलाई डिटोक्स मात्र होइन तौल घटाउने प्रक्रियालाई पनि गति दिन्छ । यो मिश्रणले सूजनलाई कम गर्न, चयापचयलाई बढावा दिन र रोगबाट बचाउन मदत गर्छ । यसलाई बनाउनको लागि एक गिलास उमालेको पानीमा आधा कागतीको रस र अदुवाको टुक्रा मिसाउनुहोस् । १५ मिनेटसम्म अदुवालाई राख्नुहोस् र त्यसपछि छानेर पिउनुहोस् ।

**मेथी पानीः** मेथी पानीको नियमित सेवनले तौल घटाउन र पाचन प्रणालीलाई बलियो बनाउन मदत गर्छ । यसमा फाइबर र एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइने हुनाले यसले आन्द्राको स्वास्थ्य पनि सपार्छ। एक गिलास उमालेको पानीमा एक चम्चा मेथीको धूलो राख्नुहोस्, यसलाई १५ मिनेटको लागि छाड्नुहोस्। पानी छानेर दिनको तीनपटक पिउनुपर्छ ।

**क्यामोमाइल चियाः** क्यामोमाइल शक्तिशाली एन्टिअक्सिडेन्ट हो र यसमा शामक गुणहरू हुन्छन्, जसले तनाव कम गर्न र निद्रा सुधार गर्न मदत गर्छ । यसले स्नायु प्रणालीलाई नियन्त्रित गर्न मदत गर्छ। सुन्निएका तन्तुहरूलाई आराम दिन्छ। एक गिलास उम्लिएको पानीमा एक चम्चा क्यामोमाइल फूल राख्नुहोस् र १० मिनेट ढाकेर राख्नुहोस् । त्यसपछि पिउनुहोस् । कम्तीमा दुई हप्तासम्म हरेक दिन यसको सेवन गर्दा निकै फाइदा पुग्छ ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चिनियाँ सुरक्षा मन्जुरी प्राप्त गरेपछि टेस्ला प्रमुख बेइजिङबाट प्रस्थान

बेइजिङ, १७ वैशाख/एएफपी

आफ्नो कम्पनीलाई चिनियाँ



प्रधानमन्त्री ली कियाङ (दायाँ)सँग वार्ता गर्दै एलन मस्क। तस्वीरः सिन्हवा

अधिकारीहरूबाट महत्त्वपूर्ण तथ्याङ्क सुरक्षा मन्जुरी प्राप्त भएपछि अर्बपति एवं टेस्लाका प्रमुख कार्यकारी (सिइओ) एलन मस्क सोमबार बेइजिङबाट प्रस्थान गर्न एक विमानमा सवार भएका एएफपीका पत्रकारले बताएका छन्।

एक वर्षभन्दा पनि कम समयमा आफ्नो दोस्रो चीन भ्रमणको क्रममा आइतवार मस्क बेइजिङ पुगेका थिए। विश्वको सबैभन्दा ठूलो विद्युतीय कार बजार चीनमा आफ्नो कम्पनीको भाग्य बढाउनका लागि काम गर्न उनले प्रधानमन्त्री ली कियाङसहित शीर्ष अधिकारीहरूसँग भेट गरेका थिए।

सोही दिन चीनको तथ्याङ्क सुरक्षा आवश्यकताहरू पूरा गर्ने टेस्लाको स्थानीयरूपमा उत्पादित मोडेलहरू विद्युतीय सवारीहरूमा सूचीबद्ध भएका छन्। मस्क दिउँसो एक बजे बेइजिङ क्यापिटल विमानस्थलमा आफ्नो निजी जेटमा सवार भएका थिए।

ब्लुमबर्गका अनुसार अमेरिकी विद्युतीय कार कम्पनी टेस्ला नक्शा र नेभिगेशन सुविधाहरूका लागि टेक टाइटन बाइडुसँग मिलेर चीनमा आफ्नो सहायक ड्राइभिङ प्रविधिको उपयोग गर्नका लागि सरकारको स्वीकृति नजीक पुगेको छ।

बिवाइडीजस्ता घरेलु कम्पनीहरूसँग तीव्र प्रतिस्पर्धा गरे पनि टेस्ला चीनमा सबैभन्दा धेरै बिक्री हुने विद्युतीय सवारीमध्ये एक बनेको छ। यद्यपि उसले कडा तथ्याङ्क र गोपनीय कानूनको पालना गर्न आवश्यक 'फुल सेल्फ ड्राइभिङ (एफएसडी)' जस्ता सुविधाहरूका साथ आफ्नो बिक्रीलाई बढाउन कोशिश गरिरहेको छ।

चाइना एशोसिएशन अफ अटोमोबाइल्स मेनुफेक्चरर्स (सिएएएम) ले सन् २०२३ नोभेम्बरदेखि राष्ट्रिय कम्प्युटर सुरक्षा नियामकसँग मिलेर सवारीसाधनको व्यक्तिगत जानकारी र कारको बाहिरी मुखाकृतिको रेकर्डिङलगायत कसरी तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने भन्नेबारे परीक्षण गरेको बताएको छ।

"तीमध्ये छ कम्पनी (बिवाइडी, ली अटो, लोटस, होजोन अटो, टेस्ला र एनआइओ)का ७६ मोडलले अटोमोटिभ तथ्याङ्क सुरक्षाका चार अनुपालन आवश्यकताहरू पूरा गर्छन्," सिएएएमले विज्ञप्तिमा भनेको छ।

साङ्घाईको विशाल कारखानामा निर्मित टेस्लाको मोडल ३ र मोडल वाई सूचीमा थियो। कम्पनीको उन्नत सहायक ड्राइभिङ सुविधाले उसका कारहरूलाई पूर्णरूपमा स्वायत्त बनाउँदैन र टेस्लाले उसको अटोपाइलट र एफएसडी क्षमताहरूको प्रयोग ड्राइभरको सुपरीवेक्षणमा प्रयोग गर्नका लागि भएको बताएको छ। कम्पनीले एफएसडी अमेरिकामा आठ हजार डलर वा मासिक ९९ डलरको सदस्यतामा बिक्री गर्छ।

चीनमा एफएसडी र बाइडुसँग कथित साझेदारीका बारेमा एएफपीले गरेको प्रश्नमा टेस्लाले तत्काल जवाफ दिएको छैन। यसै महीनाको प्रारम्भमा आफ्नो सामाजिक सञ्जाल एक्समा एक प्रश्नको जवाफमा मस्कले चीनमा एफएसडीको उपलब्धता 'चाँडै नै सम्भव हुन सक्ने' बताएका थिए। रासस

# अफगानिस्तानमा दुई करोड ३७ लाई मानवीय सहायता आवश्यक

काबुल, १७ वैशाख/एएनआई

सन् २०२४ मा अफगानिस्तानमा एक करोड २३ लाख बालबालिकासहित दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता रहेको संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले जनाएको छ।

युनिसेफका अनुसार अफगानिस्तानमा बालबालिकाका लागि आवश्यक एक अर्ब ४० करोड डलर सहयोगको ३५ प्रतिशत मात्रै सुरक्षित गर्न सकिएको छ। युनिसेफले मार्चमा देशको मानवीय अवस्थाबारे आफ्नो पछिल्लो प्रतिवेदन सार्वजनिक गरेको थियो।

रिपोर्टले अफगानिस्तानमा बढ्दो गरीबीका लागि लामो समयदेखि चलिरहेको द्वन्द्व, जलवायु परिवर्तन, आर्थिक मन्दी र बढ्दो बेरोजगारीलाई श्रेय दिएको खामा प्रेसले जनाएको छ। सन् २०२४ को शुरुदेखि अहिलेसम्म अफगानिस्तानमा १४ हजार ५७० संदिग्ध मामिला र दादुराबाट ७१ जनाको मृत्यु भएको रिपोर्टमा उल्लेख गरिएको छ।

युनिसेफका अनुसार बिरामीहरूमध्ये ११ हजारभन्दा बढी पाँच वर्षमुनिका बालबालिका छन् भने छ हजारभन्दा बढी दादुराका बिरामी महिला छन्। युनिसेफले मानवीय साझेदारहरूलाई अफगानिस्तानमा महिलाहरूको सुरक्षालाई प्राथमिकता दिन आग्रह गरेको छ।

'सेभ द चिल्ड्रेन'ले अफगानिस्तानमा बालबालिकाको अवस्थाबारे चिन्ता व्यक्त गरेको बेला संयुक्त राष्ट्रसङ्घको यस्तो प्रतिवेदन आएको छ। अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनले पाकिस्तानबाट फर्केका दुई लाख ५० हजार अफगान बालबालिकाले खाना र आश्रयको अभावको सामना गर्नुपरेको जनाएको छ।

विश्व खाद्य कार्यक्रमले हरेक महीना ६० लाख मानिसलाई खाना र नगद वितरण गरिरहेको अप्रिल २७ मा बताएको छ।

संयुक्त राष्ट्रसङ्घको अनुमान अनुसार अफगानिस्तानमा करीब एक करोड ५८ लाख मानिस खाद्य असुरक्षा सङ्कट र आपत्कालीन अवस्थाको मारमा छन्।

अफगानिस्तानमा जनताको आधारभूत आवश्यकताहरू पूरा गर्न संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट मागेको छ। रासस

# उदीयमान अर्थतन्त्रमा कृषिलाई आकार दिन सक्छ

रियाद, १७ वैशाख/एएनआई

विश्व आर्थिक मञ्चले जारी गरेको एक प्रतिवेदनले विश्वव्यापी कृषि प्रणालीलाई आकार दिने र खाद्य सुरक्षामा योगदान पुऱ्याउने उदीयमान प्राविधिक समाधान र रणनीतिलाई प्रकाश गरेको छ।

'एग्रिटेक : सेपिङ एग्रिकल्चर इन इमर्जिङ इकोनमिज, टुडे एन्ड टमुरो' नामक प्रतिवेदनले कृषि क्षेत्रमा चौथो औद्योगिक क्रान्ति प्रविधिको एकीकरणमा अन्तरदृष्टि प्रदान गरेको छ। प्रतिवेदनमा प्रविधि परिवर्तन समावेशी होस् भन्ने उद्देश्यले ठूलो मात्रामा समाधान गर्न र सुनिश्चित गर्नसमेत आह्वान गरिएको छ।

"एग्रिटेकलाई मापन गर्न उदीयमान अर्थतन्त्रहरूले एग्रिटेक इकोसिस्टमका लागि सबै सरोकारद्वारा साझा गरिएको आम दृष्टिकोण बनाउन आवश्यक छ," मञ्चको नेटवर्क तथा साझेदारी प्रमुख सेबास्टियन बकअपले भने, "इकोसिस्टमको विकास भएपछि उद्योगका लागि माग र आपूर्ति पक्षमा रहेको खाडललाई सम्बोधन गर्न महत्त्वपूर्ण हुन्छ, जस्तो कि किसानहरूका लागि एकाइ अर्थशास्त्र वा भौतिक तथा डिजिटल च्यानलहरूको मिश्रणमार्फत विश्वास सिर्जना गरिन्छ।"

संवर्द्धित वास्तविकता, मौसम पूर्वानुमानका लागि कृत्रिम बौद्धिकता (एआई), ट्रेसेबिलिटी, स्मार्ट लजिस्टिक समाधान र इन्टरनेट अफ थिङ्स आशाजनक समाधानहरू भएको प्रतिवेदनमा उल्लेख छ। यिनीहरूले सूचना अन्तर कम गर्न र किसानहरूलाई चुनौतीहरू व्यवस्थापन गर्न अझ राम्रोसँग लैजान सक्ने प्रतिवेदनमा भनिएको छ।

यी प्रविधिहरूलाई सन् २०५० सम्ममा नौ अर्ब १० करोड मानिसका लागि थप ७० प्रतिशत खाद्यान्न उब्जाउन र कृषि क्षेत्रलाई रूपान्तरण गर्न महत्त्वपूर्ण मानिएको छ।

जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोपको बढ्दो आवृत्ति र माटोको क्षयजस्ता चुनौतीहरूले विश्वव्यापीरूपमा खाद्यान्न उत्पादनमा गम्भीर खतरा उत्पन्न गरेको प्रतिवेदनले औंल्याएको छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न कृषि क्षेत्रका प्रत्येक सरोकारवालाहरू सूचित निर्णय प्रक्रियालाई सहज बनाउन थप जानकार बन्न आवश्यक छ।

"कृषि क्षेत्रमा उदीयमान अर्थतन्त्रहरूले साझा अवरोधको सामना गरिरहेका छन्। एग्रिटेकमा कृषिसँग किसानलाई जलवायु परिवर्तनलाई राम्रोसँग मार्गनिर्देशित गर्न र पानी, माटो जस्ता बहुमूल्य प्राकृतिक स्रोतमा दबाब कम गर्न सशक्त बनाउन परिवर्तनकारी क्षमताहरू रहेका छन्," पिडब्लुसी भारतका अध्यक्ष सञ्जीव कृष्णनले भने, "यी कदम सार्वजनिक–निजी साझेदारीलाई बढावा दिन निहित छन् तर मापनयोग्य मात्र नभई प्रत्येक देशको अद्वितीय सन्दर्भमा पनि अनुकूल छन्।" रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यभय |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुभय | कन्या – कर्मनाश |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनखति | मकर – भाग्योदय |
| कुम्भ – बेचैनी | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**व्यावसायिक केराखेतीः** सर्लाहीको बागमती नगरपालिका–६ सोल्टीस्थित ओम स्टार कृषि तथा पशुपालन फार्ममा गरिएको व्यावसायिक केराखेती। मनग्य आम्दानी हुने भएपछि व्यवसायीहरू केराखेतीतर्फ किसान आकर्षित भएका छन्। तस्विरः सिंगबहादुर थापा/रासस


# 'चलचित्रमा साहित्य कमजोर छ' : कवि तथा निर्देशक सुब्बा

काठमाडौं, १७ वैशाख/रासस

कवि तथा साहित्यकार उपेन्द्र सुब्बाले नेपाली चलचित्रमा 'कबड्डी' शृङ्खलामार्फत लेखनमा सहकार्य गरे। निर्देशक रामबाबु गुरुङको निर्देशनमा तयार हुने हरेक चलचित्रमा उनी लेखनमा सहकार्यका साथै छायाङ्कनमा समेत सहभागी हुने गरेका छन्। लेखक भएका कारण उनले शब्दमा लेखिएको कथालाई दृश्यमा उतार्ने अभ्यासलाई नजीकबाट नियाले। फलतः लिम्बू समुदायको कथा भन्ने निर्णयपछि उनले आफैं म निर्देशन गर्छु भने।

"मलाई जारीको कथा पर्दामा उतार्न मन थियो। किनकि म त्यसलाई मायाको भावमा व्यक्त गर्न चाहन्थें। सोही कारण म निर्देशक बनें। पहिलो चलचित्रको कमजोरीलाई दोस्रोमा सुधार्ने प्रयास गरेको छु," निर्देशक सुब्बाले भने।

उनी निर्देशित 'जारी'ले रु १७ करोडको व्यापार घरेलु बजारमा गरेको छ। त्यसपछि उनी स्थापित निर्देशक बने। दोस्रो चलचित्रका रूपमा उनले 'मनसरा' तयार गरेका छ। यसपटक उनले आत्मनिर्भर महिलाको सङ्घर्ष र जीवनीलाई प्रस्तुत गरेका छन्। "मनसरा एक प्रकारको धान हो। यसलाई अन्य जातका बीउसँग मिसाएर रोप्नुपर्छ। यद्यपि फल्दा स्वतन्त्र भएर छुट्टै फल्छ। यसलाई नै आधार बनाएर चलचित्रको कथा तयार गरें," निर्देशक सुब्बाले भने।




कोरोना महामारीका कारण भएको बन्दाबन्दीमा उनी आफू बस्ने आसपास घुमघाम गरे। नखिपोटभन्दा माथि पुगेपछि त्यहाँ देखिएको मिश्रित बस्तीले उनलाई कथाको आइडिया दियो। 'जारी' अगाडि नै चलचित्रको सुरुआत गर्ने तयारी गरे तापनि विविध कारणले एक वर्ष ढिला भएको उनले जानकारी दिए।


"साहित्यको आँखाले चलचित्र कमजोर नै छ। समाजको कथा व्यक्त गर्ने शैली र पात्र निर्माणसँगै बिम्ब निकै कम प्रयोग हुन्छ। यद्यपि थुप्रै साहित्यकारले चलचित्र हेर्ने गरेका छन्। तसर्थ साहित्यमा चलचित्रको प्रभाव छ, तर चलचित्रमा साहित्य कमजोर छ," निर्देशक सुब्बाले भने। चलचित्रमा मिलना मगर, दयाहाङ राई, प्रवीण खतिवडा, मेनुका प्रधान, हेमन्त बुढाथोकी, शान्ति गिरी, नेनहान राईलगायतका कलाकारले अभिनय गरेका छन्। चलचित्र वैशाखको तेस्रो साता प्रदर्शन हुँदैछ।

# चलचित्र माइतीघरका अभिनेता सिपी लोहनीको निधन

काठमाडौं, १७ वैशाख/रासस

निजी क्षेत्रबाट निर्मित पहिलो चलचित्र 'माइतीघर'का अभिनेता सिपी लोहनीको ८६ वर्षको उमेरमा सोमवार दिउँसो काठमाडौंमा निधन भएको छ।

अल्जाइमर रोगबाट पीडित लोहनीलाई निमोनियाको समस्या देखिएपछि माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा भर्ना गरिएकोमा उपचारका क्रममा उनको निधन भएको भतिज एवं पत्रकार विकासप्रसाद लोहनीले जानकारी दिए।



गीतसङ्गीत क्षेत्रमा विशेष रुचि राख्ने लोहनीले सरकारी सेवा अन्तर्गत अर्थ र उद्योग मन्त्रालयमा समेत काम गरेका थिए। उद्योग मन्त्रालयमा रहँदा विराटनगर जुटमिल र रघुपति जुटमिलमा निर्देशकको जिम्मेवारीमा रहेका थिए।

वास्तविक नाम चिदम्बरप्रसाद लोहनी भएपनि छोटकरीमा सिपी लोहनीका नाममा चलचित्र तथा गीतसङ्गीत क्षेत्रमा उनी परिचित थिए। माइतीघर चलचित्रका अभिनेत्री माला सिन्हासँग विवाह गरेका स्वर्गीय लोहनीको एक छोरी हाल संयुक्त राज्य अमेरिकामा रहेकी पत्रकार लोहनीले जानकारी दिए। लोहनीको आजै पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने परिवारले जनाएको छ।

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेण्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**गर्मीमा सतुवा:** वीरगंजमा उखरमाउलो गर्मी बढेपछि सतुवा खाएर तिर्खा मेटाउँदै सांसद डा अमरेश सिंहसँगै वीरगंजका सञ्चारकर्मीहरू । अहिले गर्मीमा सतुवाको बिक्री निकै बढेको छ । तस्वीर: नितेश कर्ण

# खेलकूदको संसार

## वीर गणेशमान सिंह राष्ट्रिय क्रिकेटको उपाधि लुम्बिनीलाई

काठमाडौं, १७ वैशाख/रासस

पहिलो वीर गणेशमान सिंह राष्ट्रिय टी–२० क्रिकेट प्रतियोगिताको उपाधि लुम्बिनी प्रदेशले जितेको छ । मूलपानी



तस्वीर: एजेन्सी

क्रिकेट मैदानमा सोमवार भएको फाइनलमा लुम्बिनीले कर्णाली प्रदेशलाई ३१ रनले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो ।

लुम्बिनीले दिएको ११७ रनको सामान्य लक्ष्य पछ्याएको कर्णाली १५ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटियो ।

कर्णालीका लागि विपिन शाहीले सर्वाधिक २८ रनको योगदान दिए भने विपिन रावतले २३ रन बनाए । त्यस्तै, दीपेन्द्र रावतले अविजित १२ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

लुम्बिनीको जीतमा अभिषेक गौतम एक्लैले पाँच विकेट लिए भने नर सार्कीले दुई तथा देव खनाल र निर्मल गुरुङले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको लुम्बिनी प्रदेशले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै ११६ रनको योगफल बनाएको थियो । लुम्बिनीका लागि मृनाल गुरुङले सर्वाधिक २७ रनको योगदान दिए । उनले ३० बल खेल्ने क्रममा तीन चौका प्रहार गरे । यस्तै, विराट भण्डारीले २३ बलमा २६ रन जोडे भने कृष्ण कार्कीले २२ रन बनाए ।

कर्णालीका लागि युनिश ठकुरीले तीन विकेट लिए भने दिनेश अधिकारी र दिवन पुनले समान दुई/दुई विकेट लिए । त्यस्तै, प्रकाश जैसीले एक विकेट झारे ।

यसअघि भएका लिग चरणको खेलमा लुम्बिनी, कर्णाली र बागमती प्रदेशले समान आठ/आठ अङ्क जोडेका थिए । नेट रनरेटका आधारमा लुम्बिनी पहिलो र कर्णाली दोस्रो स्थानमा रहँदै फाइनलमा प्रवेश गरेका थिए ।



## ३० जनाद्वारा रक्तदान

बलिराम शुक्ला, बिरुवागुठी, १७ वैशाख/

पर्सागढी नगरपालिका–८ हरपुरमा आयोजित रक्तदान कार्यक्रममा छजना महिलासहित ३० जनाले रक्तदान गरेका छन् ।

सन्त निराकारी मण्डल नेपाल, प्रसौनीभाठा तथा साध सङ्गत हरपुरले आयोजना गरेको रक्तदान कार्यक्रममा ब्रह्मानन्द राम नेपाली, प्रह्लाद यादव, बच्चा साह, नवराज राम, रेखा देवी, मञ्जु देवी, मानवती देवी, प्रविता देवी, सृजना यादव, मनोज हजरा, गोविन्द साहलगायतले रक्तदान गरेको सन्त निरकारी मण्डल नेपालका मुखी मनीलालप्रसाद साहले बताए ।

पर्सागढी नगरपालिका–८ र सृजनात्मक समाज फाउन्डेसन नेपाल पर्साको सहयोगमा आयोजना गरिएको रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक मनीषकुमार साह, अजय साह, आकाश गुप्ता, विनय कुमारलगायतको सहभागिता थियो ।

## घरेलु मदिरा बरामद

प्रस, वीरगंज, १७ वैशाख/

इलाका प्रहरी कार्यालय, सिम्रौनगढले ९५० लिटर घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ ।

बाराको पचरौता नगरपालिका–१ बैरबारीमा रहेका १५ वटा अवैध घरेलु मदिराभट्टीमा छापा मारी कच्चा मदिरा ७५० लिटर, तयारी मदिरा २०० लिटर, मेशीन, भाँडाकुँडालगायत सामग्री बरामद गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

यसैगरी, कुटपिट मुद्दामा जरिवाना गरेपछि फरार रहेका सिम्रौनगढ नगरपालिका–४ बस्ने ३० वर्षीय राजेश सहनी भन्ने दिनेश सहनीलाई पक्राउ गरिएको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन् ।

यसैगरी, बारा प्रहरीले शनिवार कलैया उपमहानगरपालिका–१२ शीतलपुरबाट स्रोत नखुलेको तीन लाख ५० हजार नगदसहित एकजनालाई पक्राउ गरेको छ ।

कलैया उपमनपा–६ बेलापाती बस्ने ४५ वर्षीय मदनकुमार मिश्रलाई स्रोत नखुलेको रकमसहित पक्राउ गरिएको प्रवक्ता न्यौपानेले बताए ।

यसैगरी, बारा प्रहरीले चोरी गरेको आरोपमा दुईजनालाई पक्राउ गरेको छ ।

कलैया उपमनपा–१६ मझौलिया बस्ने विजय महतो कोइरी र मुस्कान अन्सारीलाई मोटर चोरेको आरोपमा पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ । दुवैजनाले शनिवार कलैया–१६ मझौलिया बस्ने लक्ष्मी महतो कोइरीको माछापोखरीबाट पानी तान्ने मोटर चोरी गरेको प्रहरीको दाबी छ ।

यसैगरी, बारा प्रहरीले ट्राफिक नियमविपरीत सञ्चालित ३१४ वटा सवारीसाधनका चालकलाई कारबाई गरेको छ । बाराका विभिन्न स्थानमा सवारी चेकजाँच गर्ने क्रममा ३१४ जना चालकबाट दुई लाख ८२ हजार जरिवानाबापत राजस्व सङ्कलन गरिएको बारा प्रहरीले जनाएको छ ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बालविवाहबारे पोखरियामा सचेतना र्‍याली

प्रस, पोखरिया, १७ वैशाख/

पोखरिया नगरपालिका कार्यालयको आयोजनामा सोमवार बालविवाहबारे जनचेतना र्‍याली निकालिएको छ ।





जिल्ला समन्वय समिति, पर्सा र आसमान नेपालको सहकार्यमा निकालिएको जनचेतना र्‍यालीमा '२० वर्ष उमेर पुगेपछि बिहे गर्नु', 'बालविवाह रोकौं' जस्ता नाराहरू लगाइएको थियो । नगरपालिका कार्यालयबाट निकालिएको र्‍याली बजार परिक्रमापछि सोही स्थानमा पुगेर कोणसभा गरेर समापन भएको थियो ।

वडाध्यक्ष लछुमनसाह कानूको अध्यक्षतामा भएको कोणसभामा शिक्षक रामबाबु चौहान, कार्यक्रम संयोजक सरस्वती खरेल, आसमान नेपालका धर्मेन्द्र चौरसिया, पोनपा महिला तथा बालबालिका शाखाकी प्रमुख हस्यानी गिरी, पञ्जीकरण शाखाका सुनील राम, गोवर्द्धन यादव, स्थानीय नेता नरेन्द्र साहले जानकारहरूबाटै बालविवाह भइरहेको बताए ।

वक्ताहरूले उमेर पुगेपछि विवाह गर्नुपर्छ भनेर लगभग समाजका सबै तह र तप्काका मानिसहरूलाई सचेत पार्ने कार्य भइसकेको तर पनि आशाप्रद्रूपमा बालविवाह नरोकिएको बताए ।

उनीहरूले बालविवाहबारेमा सके आफैंले रोक्ने नत्र प्रहरीलाई सूचित गर्ने जस्ता कार्यहरू गर्नुपर्ने सुझाए । कार्यक्रमको सहजीकरण नरेन्द्र साहले गरेका थिए ।

## आगलागीबाट करीब १२ लाखको क्षति

प्रस, रौतहट, १७ वैशाख/

राजदेवी नगरपालिकाको ब्रह्मपुरी गाउँमा गएराति आगलागी भएर लाखौं मूल्य बराबरको क्षति भएको छ ।

राजदेवी नपा–९ ब्रह्मपुरीस्थित कालीमन्दिरनजीक जस्ताले छाएको चार कोठे पक्की घरमा आगलागी भएर रु १२ लाख बराबरको धनमाल जलेर नष्ट भएको पीडित घरधनी बच्चा सिंहले बताए ।

घरमा सबै सुतिरहेको अवस्थामा खाना पकाउने चुलोबाट आगो सल्केर आगलागी भएको सशस्त्र सीमा सुरक्षा बल नेपाल, हजमिनिया, रौतहटले जनाएको छ ।

आगलागी भएको खबर पाएपछि सशस्त्र प्रहरीको टोली र स्थानीय बासिन्दाहरूले आगलागी नियन्त्रणमा लिन प्रयास गरेका थिए ।

त्यसपछि गौर नगरपालिकाबाट आएको दमकलको मदतबाट आगो नियन्त्रण आएको सशस्त्र प्रहरी उपरीक्षक विक्रम हमागाईंले बताए ।

आगलागीबाट मोटरसाइकल एक थान, साइकल तीन थान, लत्ताकपडा, खाद्यान्न, गरगहना, एक लाख नगदसहित चार कोठे घर जलेर नष्ट भएको बताइएको छ ।

प्रारम्भिक अनुसन्धानबाट रु १२ लाख बराबरको धनमाल जलेर नष्ट भएको सशस्त्र प्रहरीले जनाएको छ ।

**देशको ...**

सत्यतथ्य छानबीन नभएको टिप्पणी गर्दै भावी सरकारले ती घटनालाई पारदर्शीरूपमा सत्यतथ्य छानबीन गरी जनतासमक्ष ल्याउनुपर्ने माग गरे ।

उनले यसबारेमा संसद्मा पटकपटक आवाज उठाइरहे तापनि सरकारले नसुनेको आरोप लगाए । उनले भने– "आज पालिकादेखि प्रधानमन्त्रीसम्मका कार्यालयहरूमा बेथिति र भ्रष्टाचार मौलाएकाले जनताले सुशासनको प्रत्याभूति गर्न सकेको छैन । उद्योगधन्दा बन्द भएका छन् । व्यवसायीहरूका उद्योगधन्दा, सटर बन्द भइरहेका छन् ।

सांसद सिंहले राजासहितको हिन्दू राज्यको मुद्दामा आफ्नो सहमति नभएको बताए । उनले विदेशी शक्तिहरूकै कारण सङ्घीयता धरापमा रहेको आरोप लगाए ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |